# अष्ट्रेलियामा घरेलु र पारिवारिक हिंसा कुनै पनि हालतमा स्वीकार्य छैन



**के तपाईंको जोडी (पार्टनर) वा परिवारको सदस्यले निम्न व्यवहार गर्छ:**

- ☐ तपाईं वा तपाईंको बच्चाहरूलाई डर महसुस गराउँछ?
- ☐ तपाईं वा तपाईंको बच्चाहरूलाई हिर्काउने वा चोट पुर्याउँछ?
- ☐ तपाईंले नचाहे पनि तपाईंसँग संभोग गर्न खोज्छ?
- ☐ चिच्याउँछ, चीजहरू फाल्छ, वा सामानहरू तोड्छ?
- ☐ तपाईंलाई अपमानित गर्छ वा तपाईंको अस्तित्व नभएको जस्तो महसुस गराउँछ?
- ☐ तपाईंलाई आफ्नै पैसा आफैसँग राख्नबाट रोक्छ?
- ☐ तपाईंलाई ठाउँहरूमा जान वा मानिसहरूलाई भेट्नबाट रोक्छ?

**यदि तपाईंले यी प्रश्नहरू मध्ये कुनैलाई 'हो/गर्छ' भनेर जवाफ दिनुभयो भने, तपाईं घरेलु र पारिवारिक हिंसा सहेर बाँचिरहनुभएको हुन सक्छ।**

**तपाईंसँग अधिकारहरू छन्।** घरेलु र पारिवारिक हिंसा गैरकानूनी छ। कानूनले नयाँ आप्रवासीहरू र अस्थायी भिसा धारकहरू लगायत सबैलाई सुरक्षा दिन्छ।

**सहयोग उपलब्ध छ।** डाक्टर वा स्वास्थ्यकर्मीसँग कुरा गर्नुहोस्। तपाईंले आफ्नो सम्बन्ध राखिराख्ने वा सम्बन्ध तोड्ने जे छनौट गरेपनि हामी तपाईंलाई सहयोग गर्नेछौं।

**कृपया तपाईंको भाषामा सहायताको लागि हामीसँग नि: शुल्क पेशेवर दोभाषे माग्नुहोस्।**

**स्थानीय सम्पर्क (Local contact)**

सेवा (Service):

फोन (Phone):

SHPN (MHCS) 230852-11

अन्य सहायताको लागि, 24 सै घण्टा सहयोग सेवा उपलब्ध छ:

| | |
|---|---|
| 1800RESPECT | 1800 737 732 |
| NSW Domestic Violence Helpline (NSW घरेलु हिंसा हेल्पलाइन) | 1800 65 64 63 |
| Lifeline Australia (लाइफलाइन अष्ट्रेलिया) | 13 11 14 |

तपाईंको भाषामा सहयोगको लागि, अनुवाद र दोभाषे सेवा (TIS) लाई 131 450 मा फोन गर्नुहोस् र हेल्पलाइनमा जोडिदिन लगाउनुहोस्।

**आपतकालीन वा ज्यान जोखिमको अवस्थामा, 000 मा फोन गर्नुहोस्।**

NSW GOVERNMENT